| क्र.सं. | प्रस्ताव तथा सो सम्बन्धमा भएको निर्णय |
|---|---|
| १ | **बजेट वक्तव्य र विनियोजन विधेयकमाथि दफावार छलफल सम्बन्धमा ।** |
| | **विवरण:** गाउँसभामा पेस भइसकेको आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट, नीति तथा कार्यक्रम र विनियोजन विधेयकमा उल्लेखित योजना तथा कार्यक्रमहरूमाथि कार्यपालिकामा दफावार छलफल गर्ने र सोको प्राथमिकता निर्धारण गर्ने। |
| २ | **विषयगत क्षेत्र बजेट विनियोजन तथा गृहकार्य** सम्बन्धमा। |
| | शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास तथा प्रशासनिक क्षेत्रका लागि विनियोजित रकमको उप-शीर्षकगत कार्ययोजना तयार गर्ने। विशेष गरी सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार, स्थानीय पूर्वाधार र अधुरा योजनाहरूलाई पूर्णता दिने गरी बजेट संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोको अन्तिम रुप दिने निर्णय गरियो । |
| ३ | **राजस्वका स्रोत, दर र आर्थिक विधेयक परिमार्जन** सम्बन्धमा |
| | आगामी आर्थिक वर्षका लागि तय गरिएका आन्तरिक राजस्वका स्रोतहरू, कर तथा गैर-करका दरहरू र आर्थिक विधेयकका प्रावधानहरूमाथि पुनर्विचार गरी गाउँसभाबाट पारित गराउन अनुकूल बनाउने निर्णय गरियो । |
| ४ | **लकेट, मायाको चिनो, खादा छाप्ने सम्बन्धमा ।** |
| | रामारोशन गाउँपालिकाद्वारा आयोजना गरिने विभिन्न सभा, समारोह तथा औपचारिक कार्यक्रमहरूमा अतिथि सत्कारका लागि आवश्यक पर्ने गाउँपालिकाको लोगो अंकित लकेट, मायाको चिनो र खादा स्वीकृत डिजाइन र स्पेसिफिकेसन बमोजिम छपाई तथा खरिद गर्न स्वीकृत दिने निर्णय गरियो। यसका लागि लाग्ने खर्च चालु आर्थिक वर्षको विनियोजित बजेट बाट व्यहोर्ने गरी नियमानुसार प्रक्रिया अगाडि बढाउन आर्थिक प्रशासन शाखालाई निर्देशित गर्ने निर्णय गरीयो । |
| ५ | **करार कर्मचारीको सम्झौता नवीकरण सम्बन्धमा ।** |
| | यस गाउँपालिका तथा अन्तर्गतका विषयगत शाखा, स्वास्थ्य संस्था र विद्यालयहरूमा कार्यरत करार तर्फका कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन प्रतिवेदन र सम्बन्धित शाखा/कार्यालयको कार्यबोझ र सिफारिसका आधारमा सेवा प्रवाहलाई निरन्तरता दिन आवश्यक देखिएकोले, देहायका करार कर्मचारीहरूको सम्झौता अवधि मिति २०८३।०४।०१ देखि लागु हुने गरी आगामी २०८४ पुष मसान्तसम्मका लागि नवीकरण गर्ने निर्णय गरियो। |
| ६ | **सुतार स्वास्थ्य चौकीको कार्यालय सहयोगीको रिक्त पद पूर्ति सम्बन्धमा ।** |
| | रामारोशन गाउँपालिका वार्ड नं ७ को स्वास्थ्य चौकीको कार्यालय सहयोगी पदको रिक्त दरबन्दीमा नियमानुसार पदपूर्ति प्रकृया अगाडि बढाउने निर्णय गरियो । |
| ७ | **अधिकृत कर्मचरीलाई १ कोठा भाडामा उपलब्ध गराउने सम्बन्धमा ।** |
| | |

| | |
|---|---|
| | गाउँपालिका कार्यालयमा कार्यरत अधिकृत कर्मचारी लाई कार्यक्षेत्रमा नियमित उपस्थित भई सेवा प्रवाह गर्न सहज होस् भन्ने उद्देश्यले सरकारी दररेट/पालिकाले तोकेको न्यूनतम भाडा बुझाउने गरी आवासका प्रति अधिकृतका लागि १ रुम उपलब्ध गराउने निर्णय गरियो। |
| **८** | **आ. व. २०८२।०८३ को सार्वजनिक सुनुवाई सम्बन्धमा ।** |
| | सुशासन प्रवर्द्धन तथा स्थानीय तहको कामकारबाहीलाई पारदर्शी बनाउनका लागि आ.व. २०८२/०८३ मा सञ्चालित योजना, कार्यक्रम र सेवा प्रवाहका विषयमा नागरिक पृष्ठपोषण लिन गाउँपालिका स्तरीय र वडा स्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम आगामी मिति नयाँ आर्थिक वर्षको साउन महिनाको सरुमै आयोजना गर्ने निर्णय गरियो। कार्यक्रमको व्यवस्थापन तथा सहजीकरणका लागि प्रशासन शाखालाई जिम्मेवारी दिइनेछ। |
| **९** | **वडा नं ३ को कार्यालय सहयोगीलाई प्रोत्साहन रकम उपलब्ध गराउने सम्बान्धमा** |
| | वडा नं. ३ को कार्यालयको कामकाजलाई चुस्त दुरुस्त राख्न र तोकिएको समयभन्दा थप समय खटी कार्यसम्पादन गरेको भनी वडा कार्यालयबाट सिफारिस भई आएकाले, कार्यालय सहयोगी एकेन्द्र बहादुर शाह लाई प्रोत्साहन स्वरूप मासिक/एकमुष्ठ रु. ५०,०००(अक्षरेपी रु. पचास हजार मात्र) प्रोत्साहन भत्ता/रकम स्वीकृत बजेटको परिधिभित्र रही नियमानुसार उपलब्ध गराउने निर्णय गरियो। |
| **१०** | **बजार अनुगमन सम्बन्धमा ।** |
| | रामारोशन गाउँपालिका क्षेत्रभित्र रहेका मुख्य तथा स्थानीय बजारहरूमा उपभोग्य वस्तुको गुणस्तर, म्याद नाघेका सामाग्री, मूल्य सूची र व्यवसाय दर्ताको अवस्था जाँच गर्न उपाध्यक्षज्यूको संयोजकत्वमा रहेको स्थानीय बजार अनुगमन समितिलाई तत्काल परिचालन गर्ने निर्णय गरियो। अनुगमनका क्रममा कैफियत देखिएमा उपभोक्ता संरक्षण ऐन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने निर्णय गरियो । |
| **११** | **रामारोशन गाउँपालिकाको ढुङ्गा प्रशोधन उद्योग दर्ता, नवीकरण तथा दस्तुर संकलन सम्बन्धी कार्यविधि २०८३** |
| | गाउँपालिकाको प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरण संरक्षण र राजस्व संकलनलाई व्यवस्थित गर्न तयार पारिएको **"रामारोशन गाउँपालिकाको ढुङ्गा प्रशोधन उद्योग दर्ता, नवीकरण तथा दस्तुर संकलन सम्बन्धी कार्यविधि, २०८३"** को मस्यौदा माथि विस्तृत दफावार छलफल गरियो। कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी गाउँसभा (अधिवेशन) मा प्रमाणीकरण र पारितका लागि पेश गर्ने निर्णय गरियो । |
| **१२** | **रामारोशन गाउँपालिकाको औद्योगिक व्यवसाय ऐन २०८३ सम्बन्धमा ।** |
| | रामारोशन गाउँपालिका क्षेत्रभित्र उद्योगहरूको स्थापना, विकास र प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जना गर्ने उद्देश्यले तर्जुमा गरिएको **"रामारोशन गाउँपालिकाको औद्योगिक व्यवसाय ऐन, २०८३"** को मस्यौदा माथि छलफल गरी यो कार्यपालिका बैठकबाट स्वीकृत गरी आगामी गाउँसभा (अधिवेशन) मा प्रमाणीकरण र पारितका लागि पेश गर्ने निर्णय गरियो। |